# इस्मा गाउँपालिका

"विनियोजन ऐन, २०७९"

# इस्मा गाउँपालिका

## इस्मा रजस्थल, गुल्मी

## लुम्बिनी प्रदेश, नेपाल

गाउँसभा बाट स्वीकृत- २०७९ असार १० गते

प्रमाणीकरण मिति – २०७९ असार १९ गते

# विनियोजन ऐन, २०७९

इस्मा गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुक लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०७९

प्रस्तावना : इस्मा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषको केहि रकम खर्च गर्न अधिकार प्रदान गर्न र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम इस्मा गाउँसभाले यो ऐन बनाएको छ ।

**क) संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम **"इस्मा गाउँपालिका विनियोजन ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ देखि प्रारम्भ हुनेछ।

**ख) आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,५६,२६,०००।- अक्षरुपी ४६ करोड ५६ लाख २६ हजार नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ।

**ग) विनियोजन:**

१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त इस्मा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने

भगत सिंह खड्का
अध्यक्ष

छ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षक बाहेक अन्यत्र सार्न सकिने छैन।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

## अनुसूची -१

(दफा २ संग सम्बन्धी)

### नेपालको संविधानको धारा २२९(२) बमोजिम संचित कोष बाट विनियोजन हुने रकम

व्यय तर्फः

| | | |
|---|---|---|
| कार्यालय संचालन तथा प्रशासनिक | ९,९९,६०,००० | ९ करोड ९९ लाख ६० हजार |
| आर्थिक विकास | १,१९,१४,००० | १ करोड १९ लाख १४ हजार |
| सामाजिक विकास | ५,७०,७६,००० | ५ करोड ७० लाख ७६ हजार |
| पूर्वाधार विकास | ९,४०,२६,००० | ९ करोड ४० लाख २६ हजार |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७५,५०,००० | ७५ लाख ५० हजार |
| संघीय सशर्त अनुदान | १९५१००००० | १९ करोड ५१ लाख |
| जम्मा | ४६,५६,२६,००० | ४६ करोड ५६ लाख २६ हजार |

भगत सिंह खड्का
अध्यक्ष